# उच्च प्रविधियुक्त नर्सरी (Hi-tech Nursery) स्थापना र संचालन कार्यविधि, २०७५

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

सचिव

मा. नन्दसिंह बुढा
मन्त्री

**प्रस्तावना:** उच्च प्रविधियुक्त वन नर्सरी स्थापनावाट वहुउपयोगी विरुवाहरुको उत्पादन गरी वृक्षारोपण मार्फत वन क्षेत्र विस्तार तथा वन पैदावारको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी जनताको जीविकोपार्जनमा टेवा पुर्याउन तथा कर्णाली प्रदेश सरकारको नीति, कार्यक्रम, वजेट तथा वार्षिक कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकोले मन्त्रालयले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **उच्च प्रविधियुक्त नर्सरी (Hi-tech Nursery) स्थापना र संचालन कार्यविधि, २०७५** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखी लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"उच्च प्रविधियुक्त नर्सरी"** भन्नाले स्वचालित तथा वातावरण अनुकुलित व्यवस्थापनको अतिरिक्त परावैजनी किरण अवरोधक पोलिथिन (Ultra Violate Stabilized Polyethylene film), तापमान नियन्त्रण जाली (Ultra Violate Stabilized Thermal Net) सँगै एग्रीनेट र इन्सेक्ट नेट (Green Agro Net and Insect Net) को आवरण भएको Galvanized Iron, Polycarbonate र Aluminum Locking Profile बाट निर्मित सुक्ष्म सिचाई प्रणाली बाट पोषक तत्व व्यवस्थापन (Fertigation) आदि सहितको वन पैदावारजन्य बालीको गुणस्तरीय वेर्ना उत्पादन गर्ने नर्सरीलाई सम्झनु पर्दछ।

(ख) **"उपभोक्ता"** भन्नाले उच्च प्रविधियुक्त नर्सरीवाट प्रत्यक्ष लाभान्वहुने घरधुरी वा समुदाय समेतलाई सम्झनुपर्दछ।

(ग) **"उपभोक्ता समिति"** भन्नाले उच्च प्रविधियुक्त नर्सरीको निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफुहरु मध्येवाट गठन गरेको समिति सम्झनुपर्छ ।

(घ) **"कार्यालय"** भन्नाले मन्त्रालय अर्न्तगतका कार्यालयहरु सम्झनुपर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

३. **नर्सरी स्थापना गरिने क्षेत्रको पहिचान एवं छनौट:** (१) नर्सरी स्थापनाको लागि उपयुक्त स्थान छनौट गर्न सम्वन्धित निर्वाचन क्षेत्रका प्रत्यक्ष तथा समानुपातिक प्रणालीवाट निर्वाचित प्रदेश सभाका सदस्यले स्थानीय तहका पदाधिकारीहरु, वन उपभोक्ता समुह तथा स्थानीय सरोकारवालाहरु संग समन्वय गरी उपलब्ध हुन सक्ने सार्वजनिक, पर्ती, सरकारी, वाँझो जग्गा मध्येवाट पहिचान गरिनेछ। उक्त स्थान



मा.नन्दसिंह बुढा
मन्त्री

यातायातको पहुँच, भौगोलिक अवस्था, हावापानी लगायतका प्राविधिक पक्षहरुलाई मध्यनजर राखी नर्सरीको लागि उपयुक्त स्थानीय तह र स्थान छनौट गरिनेछ ।

(२) नर्सरी स्थापनाको लागि छनौट भएका नगरपालिका वा गाउपालिकाले अनुसुची २ वमोजिमको उच्च प्रविधियुक्त नर्सरीको स्थापना, संचालन तथा दिगो व्यवस्थापनका लागि सहयोग र सहकार्यका गर्ने प्रतिवद्धता जनाउनु पर्नेछ ।

(३) नर्सरी निर्माणको लागि सम्वन्धित क्षेत्रका उपभोक्ताहरुवाट उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७५ बमोजिम निर्माण उपभोक्ता समिति गठन गरि उपभोक्ता समिति मार्फत वा प्रचलित कानुन बमोजिमको खरिद प्रकृया पुरा गरी नर्सरी निर्माण कार्य सम्पन्न गरिनेछ ।

४. **उपभोक्ता समितिको गठन तथा संचालन:** उपभोक्ता समितिको गठन तथा संचालन मन्त्रालयवाट स्वीकृत उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७५ तथा यस संग सम्बन्धित अन्य प्रचलित कानुन वमोजिम हुनेछ ।

५. **नर्सरीको डिजाइन, लेआउट तथा लागत इस्टिमेट तयार गर्नुपर्ने:** मन्त्रालयले नर्सरीका लागि आवश्यक पर्ने डिजाइन, स्पेसिफिकेसन, लेआउट तथा लागत इस्टिमेटको प्रारुप उपलब्ध गराउनेछ । यसमा सम्वन्धित कार्यालयले स्थानिय वस्तुस्थिती अनुसार सामान्य परिमार्जन समेत गर्न सक्नेछ ।

६. **उपभोक्ता समितिको लागत सहभागिता:** उपभोक्ता समितिले नर्सरी स्थापनाको लागि कुल लागत अनुमानको ५ देखि २० प्रतिशत सम्मको लागत व्यहोर्नुपर्नेछ ।

७. **भुक्तानी प्रकृया** (१) उपभोक्ता समितिलाई भुक्तानी गर्दा कामको आधारमा देहाय अनुसार गर्नुपर्नेछ:

क. पेश्की दिन सकिने: सम्झौता भएपछि कार्यालयले सम्वन्धित उपभोक्ता समितिको वैठकको निर्णयवाट माग वमोजिम लागत इस्टिमेट तथा संझौता रकमको बढीमा २० प्रतिशत रकम पेश्की स्वरुप उपलब्ध दिन सक्नेछ । पेश्की सम्वन्धी अन्य व्यवस्था कर्णाली प्रदेश सरकार, आर्थिक कार्यविधि नियमावली, २०७५ अनुसार हुनेछ । पेश्की दिन पुर्व कार्यालयले आवश्यक ठानेमा उपभोक्ता समितिबाट बैक ग्यारेन्टी वा केही जाय जेथा जमानी लिन सक्नेछ ।

ख. सम्झौता अनुसार भुक्तानी गर्ने: उपभोक्ता समितिलाई सम्झौतामा भएको व्यवस्था अनुसार भएको कार्यको भुक्तानी दिंदा लागत इस्टिमेट वमोजिम भुक्तानी दिनुपर्नेछ ।

ग. किस्ता भुक्तानी गर्न सकिने: उपभोक्ता समितिलाई बढीमा तीन किस्तामा भुक्तानी दिन सकिनेछ । दोश्रो वा तेस्रो किस्ता भुक्तानी गर्नु अगावै अघिल्लो पेश्की रकम फरछ्यौट गरिसक्नुपर्नेछ । उपभोक्ता समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मुल्यांकन, जाचँपास तथा कार्य सम्पन्न



मा.नन्दसिंह बुढा
मन्त्री

प्रतिवेदन, कार्यक्रम स्थलको कार्य शुरु हुनुपूर्व र भुक्तानी माग गर्दाको फोटो लगायत सम्झौतामा उल्लिखित अन्य आवश्यक कागजातको आधारमा किस्तावन्दीमा भुक्तानी दिईनेछ । अन्तिम विल भुक्तानी अगावै उपभोक्ता समितिको नाममा भएको खर्चको सामाजिक लेखापरीक्षण प्रतिवेदन समेत सम्वन्धित निकायमा पेश गर्नु पर्नेछ । भुक्तानीको लागि विलहरु पेश गर्दा नियमानुसार वुझाउनुपर्ने कर वुझाएको प्रमाण पेश गर्नु पर्नेछ ।

घ. बील भरपाई अनुमोदन गरी पेश गर्नुपर्ने : हरेक किस्ताको कामको तोकिएको प्राविधिकवाट प्राविधिक मुल्यांकन गराई जाचँपास गराई सम्वन्धित उपभोक्ता समितिले बील, भरपाई र खर्च प्रमाणित गर्नुपर्नेछ ।

ङ. वैंकिङ्ग प्रणाली मार्फत भुक्तानी गर्नुपर्ने : रकमको भुक्तानी वैंकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेछ ।

च. जाँचपास गराउनु पर्नेः उपभोक्ता समितिले अन्तिम किस्ता भुक्तानी गर्नुपुर्व सम्बन्धित प्राविधिकवाट जाचँपास गराउनुपर्नेछ ।

(२) उपदफा १ वाहेक अन्य खरिद प्रकृयावाट नर्सरी निर्माण कार्यको भूक्तानि प्रचलित कानुन बमोजिम हुनेछ ।

८. **अनुगमन सम्वन्धी व्यवस्थाः** उपभोक्ता समितिले गरेका निर्माण कार्यहरुको समय समयमा सम्वन्धीत क्षेत्रका प्रदेश सभा सदस्य, स्थानिय तहका प्रमुख वा निजले तोकेका पदाधिकारि, विषयविज्ञ, सामुदायिक वन उपभोक्ता महासंघ प्रतिनिधि, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका प्रतिनिधि, डिभिजन वन कार्यालयका प्रमुख वा प्रतिनिधी सम्मीलित टोलीवाट नियमित अनुगमन तथा मूल्याकन गर्नुपर्नेछ । अनुगमन तथा मूल्याकनको क्रममा दिएका सुझावहरु उपभोक्ता समितिले अनिवार्यरुपमा पालना गर्नुपर्नेछ ।

९. **उच्च प्रविधियुक्त नर्सरीको (Hi-tech Nursery) दिगो संचालन तथा व्यवस्थापन** : (१) उपभोक्ता समितिले निर्माण गरेको उच्च प्रविधियुक्त नर्सरीको (Hi-tech Nursery) दिगो संचालन तथा व्यवस्थापन सम्वन्धित उपभोक्ता समिति, स्थानिय तह र डिभिजन वन कार्यालयको जिम्मेवारी हुनेछ ।

(२) मन्त्रालयले उच्च प्रविधियुक्त नर्सरीको (Hi-tech Nursery) दिगो संचालन तथा व्यवस्थापनको लागि आवश्यक कार्यविधि तयार गर्नेछ ।

१०. **उपभोक्ता समितिले पालना गर्नुपर्ने दायित्वः** उपभोक्ता समितिले डिभिजन वन कार्यालयसंग भएको सम्झौता तथा अनुसुची १ र २ बमोजिमको प्रतिबद्धता अनुसारको दायित्व अनिवार्य पुरा गर्नुपर्नेछ ।



सचिव

मा.नन्दसिंह बुढा
मन्त्री

परिच्छेद-३

विविध

११. **कारवाही हुने :** सम्झौता बमोजिम तोकिएको कार्य नगर्ने उपभोक्ता समितिलाई उपलब्ध गराइने रकम रोक्का गर्नुको साथै प्रचलित कानून अनुसार कारवाही गरिनेछ । साथै उपभोक्ता समितिले प्राप्त गरेका रकम हिनामिना गरेमा हिनामिना गरेको रकम सरकारी वाकि सरह असुलउपर गरिनेछ ।

१२. **कार्यालयले संचालन गर्न सक्ने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालय वा मातहतका निकाय आफैले उच्च प्रविधियुक्त नर्सरी (Hi-tech Nursery) स्थापना र संचालन गर्न चाहेमा प्रचलित कानुन वमोजिम स्थापना र संचालन गर्न सक्नेछन् ।

१३. **प्राविधिक सहयोग लिन सकिने:** उपभोक्ता समितिले नर्सरी निर्माण तथा संचालनको लागि आवश्यक पर्न सक्ने प्राविधिक वा परामर्श सेवाका लागि कन्टिन्जेन्सी रकमवाट भूक्तानी हुने गरी लिन सकिनेछ । त्यस्तो भूक्तानी लागत अनुमानको अधिकतम २ प्रतिशत भन्दा वढी हुनेछैन ।

१४. **कार्यविधिमा द्विविधा आएमा:** यस कार्यविधि कार्यान्वयनमा द्विविधा आएमा सो को स्पष्ट गर्ने अधिकार मन्त्रालयमा निहित हुनेछ ।

१५. **संशोधन, थपघट वा खारेजी :** (१)मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिलाई संशोधन, थपघट वा खारेजी गर्न सक्नेछ ।

(२) मन्त्रालयले मिति २०७५।०९।१५ मा स्वीकृत गरेको उच्च प्रविधियुक्त नर्सरी (High-tech Nursery) स्थापना र संचालन कार्यविधि, २०७५ लाई गरेको खारेज गरिएको छ ।

सचिव

मा.नन्दसिंह बुढा
मन्त्री

## अनुसूची-१

(दफा १० संग सम्बन्धित)

### उपभोक्ता समितिको प्रतिबद्धता पत्र

.................................कार्यालय.................को उच्च प्रविधियुक्त नर्सरी निर्माण गरी उच्च मूल्ययूक्त प्रजातीको वेर्ना उत्पादन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि आवेदन पेश गरेको छु/छौं। मन्त्रालय वा कार्यालयले तयार गरेको उच्च प्रविधियुक्त नर्सरी संचालन कार्यविधिमा उल्लेख भए बमोजिमको प्रावधानहरु पालना गर्दै नर्सरी स्थापनाको कुल लागतको ५ देखि २० प्रतिशत रकम उपभोक्ता समितिले व्यहोंनेछौं। नर्सरी तयार भएपछि कम्तिमा १०(दश) वर्ष सम्म डिभिजन वन कार्यालय र स्थानिय तहको समन्वयमा संचालन गर्न प्रतिवद्ध छु/छौं। सम्झौतामा उल्लेख भए अनुसारको कार्य नगरेमा, १० (दश) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा, संचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर पार्ने कार्य गरेमा, सम्झौतामा शर्त बमोजिमका कार्य नगरेमा प्रचलित कानून बमोजिम कारवाही भोग्न तयार छौं भनी प्रतिबद्धता जनाउदछौ ।

इति सम्बत २०७ ....../........./..... गते रोज ...... शुभम् ।

**उपभोक्ता समितिको तर्फबाट**

**अध्यक्ष**

नाम:

ठेगाना :

सम्पर्क नं.

दस्तखत :

मिति :

| दायाँ | बाँया |
|---|---|
| | |

**सचिव**

नाम:

ठेगाना :

सम्पर्क नं.

दस्तखत :

मिति :

| दायाँ | बाँया |
|---|---|
| | |

छाप :

## अनुसूची-२

( दफा १० संग सम्वन्धित)

### स्थानीय तहको प्रतिबद्धता पत्र

.................................कार्यालय .............. को उच्च प्रविधियुक्त नर्सरी निर्माण कार्यक्रम अन्तर्गत यस .................................... न पा/गा पा वडा न .............. मा स्थापना भएको उच्च प्रविधियुक्त नर्सरीको स्थापना, संचालन तथा दिगो व्यवस्थापनका लागि सहयोग र सहकार्यका गर्ने प्रतिवद्धता जाहेर गर्दछु/छौं साथै मन्त्रालय वा कार्यालयले तयार गरेको उच्च प्रविधियुक्त नर्सरी संचालन कार्यविधिमा उल्लेख भए बमोजिमको प्रावधानहरु पालना गर्ने गराउने छौं भनी प्रतिबद्धता जनाउछौं ।

इति सम्बत २०७ ....../........./..... गते रोज ...... शुभम् ।

| **न पा/गा पा तर्फबाट** | **सम्वन्धित वडाको तर्फवाट** |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| सम्पर्क नं. | सम्पर्क नं. |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| छाप : | छाप : |

सचिव

मा. नन्दसिंह बुढा
मन्त्री